नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय

फोन नं: ४२११६३६
४२११०२९
४२१११४१
फ्याक्स: ४२११७००
सिंहदरबार, काठमाण्डौं ।

प.सं. २०७१।७२
च.नं. १०७१

मितिः २०७२।०१।२०

**विषयः जो जससँग सम्बन्धित छ ।**

यहि २०७२ वैशाष १२ गते मुलुकमा गएको विनासकारी भुकम्प पश्चात सो भुकम्पबाट पिडितहरुको उद्धार, खोज, राहत तथा पुनर्स्थापनाका लागि राष्ट्रव्यापिरुपमा स्वयंसेवकहरु सूचिकृत गरी परिचालन गर्न राष्ट्रिय योजना आयोग, राष्ट्रिय विकास स्वयंसेवक सेवा र हिमालयन क्लाइमेट इनिसियटिभका बीचमा मिति २०७२।०१।१५ का दिन लिखित सम्झौता भएको जानकारी गराइन्छ । उक्त सम्झौताअनुसार यो अभियान नेपाल सरकार र हिमालयन क्लाइमेट इनिसियटिभ बीचको साझा कार्यक्रमको रुपमा रहेको र परिचालित हुने स्वयंसेवकहरु नेपाल सरकारको सरोकारवाला निकायहरुसँग समन्वय गर्दै परिचालन हुने हुँदा त्यसरी सूँचिकृत एवं परिचालित हुने स्वयंसेवकहरुलाई सम्बन्धित सरोकारवाल सबैबाट सहयोग र समन्वयका लागि अनुरोध गरिएको छ । साथै राष्ट्रिय विपत्तिबाट पार पाउनका लागि चालिएको यस राष्ट्रिय स्वयंसेवा कार्यक्रममा सम्पूर्ण देशप्रेमी युवा समुदायलाई सहकार्य गर्नुहुन समेत नेपाल सरकार हार्दिक अनुरोध गर्दछ ।

............................

(महेश भट्टराई)

कार्यक्रम निर्देशक

**नेपाल सरकार राष्ट्रिय योजना आयोगको सचिवालय राष्ट्रिय विकास स्वयंसेवक सेवा र हिमालयन क्लाइमेट इनिसियटिभ विच सहकार्यमा स्वयंसेवक परिचालन गर्ने सम्वन्धी प्रस्ताव तथा सम्झौता पत्र**

१) नेपालका नागरिक समाज, खासगरी नेपाली युवाहरुलाई देशमा आएको महाभुकम्पले सिर्जना गरेको यस् विपत्तीको घडीमा स्वयमंसेवा गर्न उत्प्रेरित गर्ने ।

२) यस विपत्तिको घडीमा स्वयंसेवा गर्न इच्छुक युवा लगायत नागरिक समाजका सदस्यहरुलाई व्यवस्थित रूपमा दर्ता तथा सुचिकृत गर्ने ।

३) सुचिकृत व्यक्तिहरुलाई राहत तथा उद्धार कार्यमा लागेका सेना, प्रहरी लगायत अन्य सरकारी संस्थाहरुसँग समन्वय गरी स्वयंसेवकको रुपमा परिचालन गरी राहत तथा उद्धार कार्यमा सहयोग गर्ने ।

४) सुचिकृत स्वयमंसेवकहरुलाई राहतकार्यमा खटिएका गैर सरकारी, व्यवसायिक समुह लगायात अन्य संघ संस्थाहरुसँग समन्वय गराई राहत कार्यमा सहयोग गर्ने ।

५) यो कार्यक्रमको कार्यान्वयनको क्रममा आउने वा आइपर्ने विभिन्न प्रकारका जोखिमहरुको व्यवस्थापन हिमालयन क्लाइमेट इनिसिएटिभले गर्ने ।

६) यो कार्यक्रम राष्ट्रिय योजना आयोगको सचिवालयको राष्ट्रिय विकास स्वयंसेवक सेवा र हिमालयन क्लाइमेट इनिसिएटिभ विचको साझा कार्यक्रम हुनेछ ।

| राष्ट्रिय विकास स्वयंसेवक सेवाको तर्फवाट | हिमालयन क्लाइमेट इनिसियटिभको तर्फवाट |
|---|---|
| .............................. | .............................. |
| शिवराज चौलागाँइ | प्रशान्त सिंह |
| निर्देशक | प्रमुख कार्यकारी अधिकृत |

मिति : २०७२/१/१५